# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

| खण्ड : ९ | सङ्ख्या : ६ | मिति : २०८२ माघ ४ |
|---|---|---|

**नगर कार्यपालिकाबाट पारित मिति : २०८२ पुस ३०**

**प्रमाणीकरण मिति : २०८२ माघ ४**

## भाग-२

# सुन्दरहरैँचा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२

सुन्दरहरैँचा नगरपालिका लगायत अन्य सरकारी तथा गैर सरकारी निकायहरूबाट समेत नगर क्षेत्रमा बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्य गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात् गर्दै समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक भएकोले तयार गरिएको यो नीति सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# विषय सुची


## परिच्छेद १

१. पृष्ठभूमि
२. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि भएका प्रयासहरु
३. वर्तमान स्थिति
४. समस्या तथा चुनौतीहरू
५. नीतिको आवश्यकता

## परिच्छेद २

६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य
६.१ दीर्घकालीन सोंच
६.२ दीर्घकालीन लक्ष्य
६.३ उद्देश्य

## परिच्छेद ३

७ अवस्था विश्लेषण
७.१ सवल पक्ष
७.२ सुधार गर्नुपर्ने पक्ष
७.३ अवसर
७.४ चुनौती

## परिच्छेद ४

८. लक्षित वर्ग पहिचान
९. लक्षित वर्गको विश्लेषण
१०. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका प्रमुख नीतिहरु
११. रणनीतिहरु

## परिच्छेद ५

१२. रणनीति तथा कार्यनीतिहरु
१३. संस्थागत व्यवस्था
१४. नीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्था
१५. नीतिको मूल्याङ्कन तथा परिमार्जन
१६. नीति कार्यान्वयनको सम्भावित जोखिम न्यूनीकरण योजना


सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

# सुन्दरहरैंचा नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति
# २०८२

## परिच्छेद १

### १. पृष्ठभूमि

नेपालको संविधानले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको छ । संविधानले दिशानिर्देश गरे बमोजिम समतामूलक समाजको निर्माण गर्न सुन्दरहरैंचा नगरपालिका र यस अन्तर्गतका सबै क्षेत्रगत विषयहरूमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यकता महसुस गरि सबै वर्ग, जातजाती, लिंग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरूलाई नीतिगत तथा कानूनीरूपमा थप व्यवस्थित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। सुन्दरहरैंचा नगरपालिका लगायत नगर क्षेत्रमा कार्य गर्ने सबै सरोकारवाला निकायहरुबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूलाई लैंगिकमैत्री तथा सामाजिक समावेशीमैत्री बनाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति आवश्यक भएको छ।

समाजमा लिङ्गका आधारमा विभेद गर्ने र जातीय छुवाछुत लगायतका विभेदहरु विद्यमान अवस्थामा समेत रहेका कारणले विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जातजाति, लिङ्ग तथा पछाडि पारिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गरि सामाजिक समावेशीकरण मार्फत सबैले आत्मसम्मान बोध हुने वातावरण सिर्जना गर्न सुन्दरहरैंचा नगरपालिका लगायत अन्य सरकारी तथा गैर सरकारी निकायहरुबाट समेत नगर क्षेत्रमा बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्य गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यकता भएकाले सुन्दरहरैंचा नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८२ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

### २. लैंगिक समानता तथा सामाजिक समावेशीकरणकालागि भएका प्रयासहरु

शताब्दियौंदेखि महिला, दलित, आदिवासी तथा जनजाति, मधेशी, मुस्लिम, पिछडिएका तथा पछाडि पारिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका

व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिकरूपमा पछाडि परेका वा पारिएका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीबाट टाढा राख्ने गरिएको थियो। यिनै विभेदहरुलाई अन्त्य गर्न विभिन्न समयमा व्यवस्थाहरु परिवर्तन गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न राज्यका स्रोत र साधन साथै सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यका हरेक संरचना एवम् निर्णय प्रक्रिया र कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न अभियान तथा कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन्। यी कार्यहरुबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा उल्लेख्य उपलब्धिहरु समेत हासिल भएको छ। आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरुबाट लैंगिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय लैंगिक समानता नीति २०७७, कोशी प्रदेशबाट लैंगिक समानता नीति २०७९ र सामाजिक समावेशीकरण नीति २०७९ निर्माण गरी कार्यान्वयनमा आएको छ।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरूपमा उल्लेख भएको छ। साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरूप दिन विभिन्न मौलिक हकको प्रत्याभूति समेत गरिएको छ । स्थानीय तहका विभिन्न पदहरूमा समेत जातीय, लैंगिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ। आफ्नो भाषा, धर्म, संस्कृति तथा कलाको संरक्षण र संवर्द्धनका लागि स्थानीय सरकारहरुबाट समेत विशेष महत्व दिइएको छ । राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका वा पारिएका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ ।

विगतदेखिनै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार तत्कालीन स्थानीय निकायको निशर्त पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका वा पारिएका महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको थियो। साविकका स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाती, मधेशी पिछडावर्ग तथा अपाङ्गता समन्वय समिति सम्वन्धी संरचनाहरू गठन गरी ती समुदायहरुलाई संस्थागतरूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालनमार्फत आर्थिक तथा सामाजिकरूपमा पिछडिएका वा पछाडि पारिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू विगतमा भएको पाईन्छ।

अर्थ मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहहरुका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ जारी गरिएको छ। यसै गरि सोह्रौं योजनामा सामाजिक विषय क्षेत्रअन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोर किशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामुलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ ।

यसै गरि नागरिकता ऐन, २०६३, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन,२०७६, बालबालिकासम्वन्धी ऐन,२०७५ तथा मुलुकी देवानी संहिता ऐन,२०७४ निर्माण भई कार्यान्विनयमा रहेको छ। संवैधानिक आयोगहरूसँग सम्बन्धित ऐनहरू, निर्वाचन ऐन,२०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राजनीतिक दल सम्बन्धि कानुनहरू निर्माण भएका छन। विशेष अवसर प्राप्त गर्ने अधिकारसँग सम्बन्धित कानुनहरू अन्तर्गत रोजगारी ऐन,२०७५, शिक्षा ऐन,२०२८ र श्रम ऐन,२०७४ छन् ।

**३. वर्तमान स्थिति**

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका वा पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम समुदाय, मधेशी, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, उत्पीडित वा पिछडिएको वा पछाडि परिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न वर्गलाई संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई सुनिश्चत गरेको छ । समावेशीकरणलाई थप संस्थागत गर्न पछाडि परेका वा पारिएका वर्ग तथा समुदायलाई राज्यका अङ्गहरुमा समेत सहभागी गराउन संविधानमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगहरु गठन गरि समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको थालनी गरिएको छ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या २,९१,६४,५७८ मा महिला ५१.१ प्रतिशत र पुरुष ४८.९ प्रतिशत रहेको छ । लैंगिक अनुपात ९५.५९ पुरुष प्रति १०० महिला रहेका छन। यसै गरि जम्मा परिवारको ११.८ प्रतिशत परिवारमा महिलाको नाममा घर र जग्गा रहेको छ । कुल साक्षरता ७६.२ प्रतिशत रहेको छ भने जसमा पुरुष साक्षरता ८३.६ प्रतिशत र महिला साक्षरता ६९.४ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गणना दिनदेखि १२ महिना अघिको समयमा कुल ४ लाख १२ हजार ९ सय ३५ जना बच्चाको जन्म भएको थियो जसमध्ये २ लाख १८ हजार ७४ जना अर्थात ५२.८ प्रतिशत छोरा र १ लाख ९४ हजार ८ सय ६१ अर्थात ४७.२ प्रतिशत छोरीको जन्म भएको थियो। यसै गरी गणना भएको दिनदेखि १२ महिना अघिको समयावधिमा कुल प्रजनन उमेर समुह (१५-४९वर्ष) का १२९७६ मध्ये ६५३ (५ प्रतिशत) जनाको मृत्यु गर्भावस्थासँग सम्बन्धित थियो ।

जनसंख्याको ६५.६ प्रतिशत आर्थिक रुपमा सक्रिय छन् । जसमा ७१ प्रतिशत पुरुष रहेका छन। यसै गरि ३१.५५ प्रतिशत घरमुली महिला रहेका छन । आफ्नै नाममा घरजग्गा

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

भएका महिलाहरु २३.८ प्रतिशत रहेका छन्। कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्तिहरुको कुल जनसंख्या २.२ प्रतिशत रहेको छ ।

यसरी हेर्दा नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैंगिक र वर्गीय विविधता रहेको दर्शाउँदछ। यसैगरि भाषागत विविधता हेर्दा नेपालमा करिब १२३ भन्दा बढी मातृभाषाहरू बोलीचालीमा रहेका छन् । नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ भन्दा बढी धर्मावलम्बीहरू रहेका छन।

राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशको कुल जनसंख्या ४९,६१,४१२ मा महिला २५,४४,०८४ (५१.२८%) र पुरुष २४,१७,३२८(४८.७२%) प्रतिशत) रहेको छ । लैंगिक अनुपातमा ९५.०२ पुरुषमा १०० महिला रहेका छन । घरमुली महिलाहरु ३०.९ प्रतिशत रहेका छन । अपाङ्गता भएका व्यक्तिहरु २.४ प्रतिशत रहेका छन । ५ वर्ष माथिका साक्षरता दर ७९.७ प्रतिशतमा महिला साक्षरता ७३.६ र पुरुष साक्षरता ८६.१ रहेको छ । अझ पनि कोशी प्रदेशमा १०-१४ बर्षमा २.३ प्रतिशत बालक र ७.९ बालिकाहरुले वालविवाह गरेको पाइन्छ । यसै गरि पहिलो बिवाह १८-२० बर्षमा २५.५ प्रतिशत पुरुष र ३५.१ प्रतिशत महिला र २१-२४ बर्षमा २९ प्रतिशत पुरुष र १९.९ प्रतिशत महिला रहेका छन । कोशी प्रदेशमा वालबिवाह हुने गरेको तथ्याङ्कले देखाउँछ ।

कोशी प्रदेशमा १५-४९ वर्षका विवाहित महिलामध्ये ११.५ प्रतिशतले गणनाको समयसम्म कुनै पनि जीवित बच्चा जन्माएका छैनन भने २ जना जीवित बच्चा जन्माउने ३५.४ प्रतिशत र १ जना जीवित जन्माउने २७.१ प्रतिशत रहेका छन । कुल जीवित जन्मेका बच्चाहरुमध्ये २.८ प्रतिशतको मृत्यु भएको थियो । गणना गरेको दिनदेखि १२ महिना अघिको समयमा कुल ६४,१९० जना बच्चाको जन्म भएको थियो । जसमध्ये ५१.५ प्रतिशत छोरा र ४८.५ प्रतिशत छोरीको जन्म भएको थियो ।

महिलाको नाममा घर र जग्गा दुवै हुने घर परिवार १४.३ प्रतिशत रहेको छ । साना घरेलु व्यवसायहरु मध्ये मुख्य रुपमा पुरुषले सञ्चालन गरेका ४६.५ प्रतिशत र महिलाले सञ्चालन गरेका ५३.५ प्रतिशत रहेका छन् । रोजगारीका लागि ३,४३,०३४ जना मध्ये २,८६,६३१ जना पुरुष ८३.६ प्रतिशत र महिला ५६,४०३ जना १६.४ प्रतिशत विदेश गएका छन ।

हरैंचा कुनै समयमा मोरङ जिल्लाको सदरमुकाम समेत हरेको भन्ने बिश्वास रहेको स्थानसंग जोडिएको कोशीहरैंचा नगरपालिका र सुन्दरदुलारी नगरपालिकाको समायोजनबाट नेपाल सरकारको मिति २०७३ साल फाल्गुण २७ गतेको निर्णय भए बमोजिम सुन्दरहरैंचा नगरपालिकाको नामाकरण तथा गठन भएको थियो |

**भौगोलिक अवस्थिती**

जम्मा १२ वटा वडामा विभाजन भएको सुन्दरहरैंचा नगरपालिकाको पुर्वमा बेलबारी नगरपालिका, पश्चिममा सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका, उत्तरमा केराबारी गाउँपालिका र

दक्षिणमा ग्रामथान गाउँपालिका तथा बुढीगंगा गाउँपालिका रहेको छ । यस नगरपालिकाको अक्षांश :२६.६२ देखि २८.६८ र देशान्तरः ८७.३४ देखि ८७.४१ रहेको छ । सुन्दरहरैचा नगरपालिकाको क्षेत्रफल ११०.१६ बर्ग किलोमिटरमा फैलिएको छ।

**सुन्दरहरैचा नगरपालिकाको जनसंख्या विवरण**

राष्ट्रिय जनगणा २०७८ अनुसार यस नगरपालिकाको कुल जनसख्मा १,२०,२१३ रहेको छ जस मध्ये ६३,१९५ जना महिला रहेको भने ५७,०१८ जना पुरुष रहेका छन । यस नगरपालिकामा भएका जम्मा २९,८२६ घरधुरी मध्ये ११,१०३ (३७%) महिला घरमुली छन भने १८,७२३ (६३%) घरपरिवारमा पुरुष घरमुली रहेका छन । घर जग्गा जस्ता अचल सम्पत्तिमा महिलाको अबस्था अनुसार महिलाको स्वामित्वमा रहेको घर ४% देखिन्छ भने महिलाको स्वामित्वमा रहेको जग्गा १५% र महिला पुरुष दुबैको स्वामित्वमा रहेको घर जग्गा २६% तथा महिलाको घर जग्गामा स्वामित्व नभएको संख्या ५४%, देखिन्छ भने जनगणनाको क्रममा घर जग्गाको स्वामित्व नखुलेको परिवार संख्या १% रहेको छ ।

| जम्मा घरधुरी | जम्मा जनसंख्या | महिला | पुरुष | औषत परिवार | महिला पुरुष अनूपात |
|---|---|---|---|---|---|
| २९,८२६ | १,२०,२१३ | ६३,१९५ (५३%) | ५७,०१८ (४७%) | ४.०३ | १:१० |

**जातजाती विवरण**

जातजातिगत हिसाबले हेर्दा यस नगरपालिकाको सवैभन्दा धेरै जनसख्मा २२.९ प्रतिशत ब्राह्मण रहेको देखिन्छ । क्षेत्री २२.७%, थारु ९.३%, नेवार ५.५%, राई ५.१%, तामाङ ३.८%, याक्थुङ लिम्बु ३.६%, वि.क. ३.५%, खवास ३.३%, परियार २.१%, ओराङ् (कुदुक) २%, मगर २%, मुसलमान १.६%, गुरुङ १.३ %, मुसहर १%, मिजार १% रहेका छन भने अन्य १ प्रतिशत भन्दा कम जनसख्या भएका ६१ जातजातीहरु रहेका छन ।

**साक्षरता प्रतिशत**

यस नगरपालिकाको शैक्षिक अवस्था हेर्दा ५ वर्ष वा सो भन्दा माथिको कुल जनसख्यामा १,११,४२१ साक्षरता रहेको देखिन्छ । कुल साक्षरता ८२.८८ प्रतिशत रहेकोमा महिलाको ७७.६५ प्रतिशत र पुरुषको ८८.७७ प्रतिशत रहेको छ ।

| साक्षरता | निरक्षरता | महिला साक्षरता | पुरुष साक्षरता |
|---|---|---|---|
| ८२.८८ प्रतिशत | १७.१२ प्रतिशत | ७७.६५ प्रतिशत | ८८.७७ प्रतिशत |

**धर्म**

धर्मका हिसावले हेर्दा यहाँका मानिसहरु अधिकांश अर्थात् ८४.२ प्रतिशत हिन्दु धर्मावलम्वी भएको देखिन्छ । ७.१ प्रतिशत किराँत धर्म, ५.१ प्रतिशत वुद्ध धर्म र १.६ प्रतिशत इस्लाम मान्दछन् ।

**भाषा**

यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अधिकांश मानिसहरुले नेपाली भाषा (६७.६%) बोलिचाली गर्दछन भने अरु क्रमशः थारु भाषा (११.९%), मैथिली भाषा (२.८%) को बाहुल्यता रहेको छ ।

**अपाङ्गताको अवस्था**

| अवस्था | पूर्ण अशक्तता | अति अशक्तता | मध्यम | सामान्य | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|
| संख्या | ५०५ | ७३१ | २७६ | ९६ | १६०८ | ६६१ | ९४७ |

*श्रोतः सुन्दरहरैंचा नगरपालिकाको २०८२ पौष मसान्तसम्म*

**मुख्य चाडपर्व र मेला**

**चाडपर्वः** वडादशैं, भाइटिका, तीज, होली, श्रीकृष्णा जन्म अष्टमी, बुद्धपूर्णिमा, ल्होसार, छठ, रामनवमी, इद, वकरिद, रमजान, उभौली, उधौली, म्हपूजा, सिठीनखः (दिवाली), सिरुवा, होली आदि ।

**दर्शनीय स्थलहरु**

- बाघझोडा पोखरीः सुन्दरहरैंचा १० नं. वडामा पर्ने सिमसार प्राकृतिक मनोरम पोखरीको क्षेत्रफल ७ बिघा ५ कठ्ठा १२ धुर रहेको छ ।
- किचकगढी सिमसारः सुन्दरहरैचा १ नं.वडामा पर्ने डाँगी टोलमा अवस्थित यो किचकगढी सिमसार क्षेत्रको ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्व रहेको छ ।
- हसिना सिमसारः सुन्दरहरैचा ५ नं. वडा हसिना टोलमा अवस्थित यो सिमसार क्षेत्र ४९ हेक्टर क्षेत्रमा फेलिएको छ । यहाँ वुद्ध विहार, साकेला थान, शिव मन्दिर, पोखरी लगायत विविध देवी देवताहरुको मन्दिरहरु र पर्यटकीय क्षेत्र रहेको छ ।
- नया बृन्दावन गौशालाः सुन्दरहरैचा ५ नं. बुढीखोलातर्फ लगभग ७ बिघा क्षेत्रमा फैलिएको धार्मिक पर्यटन प्रवर्द्धन गर्ने यो क्षेत्रलाइ भगवान श्री कृष्णको कथासँग जोडिएको विश्वको सबै भन्दा ठूलो राधाकृष्णको मन्दिर र विश्वको सबैभन्दा ठूलो गाइको प्रतिमा स्थापना गरिएको छ ।

**कर्मचारी तथा जनप्रतिनिधिहरु**

सुन्दरहरैंचा नगरपालिकामा कुल कार्यरत कर्मचारी १३६ जना रहेका छन् जसमा महिला ५८ जना (४२.६४%) रहेका छन। दलित कर्मचारी ५ जना (३.६%) रहेका छन । आदिवासी जनजाती कर्मचारीहरु १५ जना (१०.२९%) प्रतिशत रहेका छन । मधेशी-पिछडा वर्गका कर्मचारीहरु ८ जना (५.८८%) रहेका छन भने अन्य जातिका कर्मचारीहरु १०३ जना (७५.७३%) रहेका छन । जम्मा २ जना अपाङ्गता भएका कर्मचारीमध्ये १ महिला र १ पुरुष रहनु भएको छ ।

यस नगरपालिकाको १२ वटा वडामध्ये पहाडी जनजाति ५ मधेशी जनजाति ३ र अन्य ५ जना पुरुष मात्र भएकोले कुनै पनि वडामा महिला वडा अध्यक्ष छैनन्। वडा सदस्यमा अनिबार्य महिला दलित बाहेक अन्य दलितको प्रतिनिधित्व रहेको छैन। बाँकी १२ अनिवार्य महिला समेत जम्मा ३६ जना सदस्य मध्ये पहाडी जनजाति महिला ३ जना, मधेशी जनजाति

४ र अन्य ८ जना गरी १५ जना महिला र पहाडी जनजाति ६ जना, मधेशी जनजाति ६ र अन्य ९ जना गरी जम्मा २१ पुरुष सदस्यको प्रतिनिधित्व रहेको छ ।

कोशी प्रदेशमा ९ वटा मन्त्रालय रहेका छन । जसमा ५ जना पुरुष मन्त्री र २ जना महिला राज्यमन्त्रीहरु रहेका छन । प्रदेश सभामा ३३ जना महिला प्रदेश सभा सदस्य र ६० जना पुरुष प्रदेश सभा सदस्य रहेका छन । प्रदेश योजना आयोगमा उपाध्यक्ष १ जना पुरुष रहेका छन । प्रदेश लोकसेवा आयोगमा १ जना पुरुष सदस्य र १ जना महिला सदस्य रहेका छन । कोशी प्रदेश सरकार मातहत हाल १७७९ कर्मचारीहरु मध्ये महिला कर्मचारी २५३ अर्थात १४ प्रतिशत रहेका छन ।

जातिय छुवाछुत लगायत दलित समुदायलाई मुलप्रवाहीकरण गर्नका लागि नेपालको संविधानको मौलिक हक अर्न्तगत सम्मानपूर्वक बाँच्न पाउने हक समानताको हक छुवाछुत तथा भेदभाव विरुद्धको हक तथा दलितको हक सम्बन्धि व्यवस्था गरेको छ ।

आदिवासी जनजातीहरुको सवालमा कार्य गर्नका लागि छुट्टै नगरस्तरीय आदिवासी जनजाती महासंघ समेत रहेको छ। अपाङ्गताका सवालमा कार्य गर्न सुन्दरहरैंचा नगरपालिकाबाट प्रत्येक वडामा मिलिजुली समुह गठन गरी क्रियाशील गराईएको छ । नगरस्तरीय जेष्ठ नागरिक समितिहरु समेत गठन भएका छन । विभिन्न वडामा जेष्ठ नागरिक चौतारीहरु निर्माण भएका छन् ।

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको हक अधिकारका लागि गैर सरकारी संघसंस्था क्रियाशील रहेका छन । दलित तथा अल्पसंख्यक समुदायको हक अधिकार तथा शैक्षिक विकासका लागि मदरसा लगायत विभिन्न गैर सरकारी संघसंस्थाहरुले सुन्दरहरैंचा नगरपालिकासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिरहेका छन ।

यसै गरि जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभुत गर्नका लागि नेपालको संविधानमा जेष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ । सामाजिक रुपले पछाडि परेका वा पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम, पिछडावर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित, पिछडिएको वा पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिने उल्लेख भएको छ । असहाय जेष्ठ नागरिकहरुलाई संरक्षण गर्न वृद्धाश्रमहरु रहेका छन ।

सुन्दरहरैचा नगरपालिकाको बार्षिक नीति, बजेट तथा कार्यक्रम २०८२/०८३ मा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न विभिन्न कार्यक्रमहरु तर्जुमा गरिएको छ । किसानहरुलाई तथा विपन्न बर्गलाई सघाउ पुर्याउन अनुदान तथा क्षमता विकासमा कार्यलाइ जोड दिइएको छ । यस पालिकालाई आगामी २०८३ जेष्ठ ९ गतेभित्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने प्रतिवद्धता सहित बालमैत्री प्रवर्द्धनका कार्यक्रम तर्जुमा गरिएको छ । महिलाहरुको क्षमता विकासका लागि सीपमूलक तथा आयमूलक कार्यक्रममा सहयोग गरिएको छ । महिला स्वास्थ्यमा सघाउ पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ। जेष्ठ नागरिककालागि कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिएको छ । विभिन्न जातजातीको भाषा, कला सस्कृतिको संरक्षणका लागि बजेट तथा कार्यक्रम तर्जुमा

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

गरिएको छ। किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम तथा उपमेयरसँग बालिका कार्यक्रम राखिएको छ। छोरी भन्दा अझ पनि छोराको महत्व समाजमा विद्यमान रहेको हुँदा छोरी वचाउ छोरी पढाउ कार्यक्रमलाई निरन्तरता दिइएको छ। हिंसामा परेका महिलाहरुलाई सहयोग गर्न छुटै कोषको व्यवस्था गरिएको छ । पिछडिएको वा पछाडि पारिएको क्षेत्रमा भौतिक पूर्वाधारका कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

सरकारी निकायहरुमा अझ पनि लैंगिक असमानता र सामाजिक समावेशीकरण संस्थागत भैनसकेको माथि उल्लेख भएको तथ्याङ्कले देखाएको छ। अन्य वर्गको तुलनामा लक्षित वर्ग सामाजिक, आर्थिक तथा राजनैतिक रुपमा पछाडि परेको हुँदा समावेशी विकासको मान्यतालाई आत्मसात गरी विद्यमान असमानताहरूलाई सम्बोधन गर्न सबै क्षेत्र र अन्तर्गतका निकायहरुलाई अझ बढी प्रभावकारीरूपमा परिचालन गर्न आवश्यक देखिएको हुँदा सुन्दरहरैंचा नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिएको हो ।

## ४. समस्या तथा चुनौतीहरु

समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै सबै नगरवासीलाई सुन्दरहरैंचा नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरुले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा प्रवाहमा विना भेदभाव सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति अवलम्वन गर्नु आवश्यक रहेको छ। सुन्दरहरैंचा नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुख्य समस्याहरु देहाय अनुसार रहेका छन ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा गर्न नसक्नु।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा उपलब्ध स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्गको सहभागितालाई कम प्राथमिकता दिनु।
- लक्षित वर्गको खण्डीकृत तथ्याङ्क एकिकृत रुपमा राख्न नसक्नु।
- पछाडि परेका वा पारिएका वर्ग र समुदायलाई अन्य वर्गको तुलनामा आर्थिक तथा सामाजिकरूपमा सशक्तिकरण गर्न नसक्नु।
- अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरू राख्न नसक्नु।
- विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबिच आर्थिक तथा सामाजिक विकासमा अन्तर रहनु।
- विभिन्न लिङ्ग र वर्ग बीच रहेको विधमान समाजमा विभेदजन्य कार्यहरुलाई पुर्णतः हटाउन नसक्नु ।
- लैंगिक तथा यौनिक अल्पसङ्ख्यकहरुको तथ्याङ्क एकिन गरी उनीहरुका लागि आवश्यक कामहरु पर्याप्त हुन नसक्नु ।
- अझ पनि दाइजो प्रथा, बाल विवाहलाई पुर्णतः रोक्न नसक्नु।
- बाल उद्यान तथा जेष्ठ नागरिकहरुका लागि दिवा सेवा केन्द्र तथा जेष्ठ नागरिक चौतारीहरु सबै वडामा व्यवस्थापन गर्न नसक्नु।



सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

- नगरको विभिन्न क्षेत्रहरुमा अझ पनि महिला सशक्तिकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नु।
- महिलाहरुलाई विकास निर्माण लगायत अन्य कार्यका लागि उपभोक्ता समितिमा राखिने तर उनीहरुको निर्णय तथा योजना कार्यान्वयनमा कुनै भूमिका नहुनु।
- सार्वजनिक स्थलमा अपाङ्गतामैत्री भौतिक पूर्वाधार नभएको हुँदा शिक्षा, स्वास्थ्य लगायतका सेवा प्रवाहमा सहज पहुँच पुर्याउन नसक्नु।
- समाजमा अझ पनि छुवाछुत लगायत विभेदजन्य कार्यहरुलाई पुर्ण रुपमा बन्देज गर्न नसक्नु ।

विगत समयमा गठन भएका साविकका गाविस तथा नगरपालिकाहरु समेत सुन्दरहरैंचा नगरपालिकामा गाभिई नगरपालिका घोषणा भएको हो । साविकका गाविसहरुमा शिक्षा, स्वास्थ्य लगायत पुर्वाधारहरु कमजोर भएको हुँदा सीमित स्रोत र साधनलाई अधिकतम प्रयोग गरी मुख्य चुनौतीका रुपमा रहेको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय र सहकार्य गर्नु, स्रोत साधन, अवसर र लाभमा पछाडि परेका वा पारिएका सबै वर्ग, क्षेत्र र जातजातीको समन्यायिक पहुँच सुनिश्चित गर्नु, पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र विभिन्न जातजाती विच रहेको विद्यमान असमानता तथा जातीय भेदभाव घटाउनु, विभिन्न समुदाय तथा वर्ग विच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, संस्थागत संरचनामा लैंगिक समानता कायम गर्नु मुख्य चुनौती रहेको छ।

### ५. नीतिको आवश्यकता

सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा देखिएका समस्या तथा चुनौतीहरूको सामना एवम् समस्याको दिर्घकालीन समाधान गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण गर्न देहाय अनुसारको कार्यहरु गर्न नीति आवश्यक रहेको छ ।

- संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रवर्द्धन गर्न।
- समावेशीकरण सम्वन्धी नीतिगत एकरूपता र सामञ्जस्यता कायम गर्न।
- नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन प्रदान गर्न।
- नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न।
- समावेशीकरण सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्‍याउन।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी गरेका प्रतिबद्धता अनुरूपको दायित्व पुरा गर्न।
- लोकतन्त्रका लाभहरूलाई सबै नागरिकहरूविच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न।

## परिच्छेद २

**६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू निम्नानुसार रहने छन्।

**६.१ दीर्घकालीन सोंच**

लैंगिक समानता तथा सामाजिक समावेशी सहितको समतामूलक र समृद्ध समाजको निर्माण।

**६.२ दीर्घकालीन लक्ष्य**

लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सबै क्षेत्रहरुमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै समानतामुलक समाजको निर्माण गर्ने।

**६.३ उद्देश्य**

**६.३.१** आर्थिक र सामाजिकरुपले पछाडि परेका वा पारिएका समुदाय र व्यक्तिहरूको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्नु।

६.३.२ लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा गर्नु।

६.३.३ योजना तर्जुमा तथा कार्यान्वयन गर्दा उपलब्ध स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्गको सहभागितालाई वृद्धि गराउनु।

६.३.४ लक्षित वर्गको खण्डीकृत तथ्याङ्क एकिकृत रुपमा राख्नु।

६.३.५ पछाडि परेका वा पारिएका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरूपमा सशक्तिकरण गर्नु।

६.३.६ अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरू राख्न शुरुवात गराउनु।

६.३.७ विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासको अन्तरलाई कम गर्नु।

६.३.८ विभिन्न लिङ्ग र वर्ग बीच रहेको विधमान समाजमा विभेदजन्य कार्यहरुलाई पुर्णतः हटाउन विभिन्न अभियानमूलक कार्यहरु तर्जुमा गर्नु।

६.३.९ दाइजो प्रथा, बाल विवाहलाई पुर्णरुपमा रोक्नु ।

६.३.१० बाल उद्यान तथा जेष्ठ नागरिकहरुकालागि दिवासेवा सबै वडामा व्यवस्थापन गर्नु।

६.३.११ नगरको पछाडि परेका क्षेत्रमा महिला सशक्तीकरण र लक्षित वर्गको उत्थानकालागि कार्यक्रमहरु सञ्चालन गर्नु।

६.३.१२ विकास निर्माण लगायतका कार्यमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता गराउनु।

६.३.१३ सार्वजनिक स्थलमा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माणका लागि यथेष्ट बजेट तथा कार्यक्रम तर्जुमा गर्नु।

६.३.१४ समाजमा रहेको छुवाछुत लगायत विभेदजन्य कार्यहरुलाई न्यून गर्नु।

## परिच्छेद ३

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

## ७) अवस्था विश्लेषणः

सुन्दरहरैंचा नगरपालिकाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई थप संस्थागत गर्नका लागि विद्यमान उपलब्ध स्रोत, साधन तथा संयन्त्रका सम्वन्धमा यथार्थ अवस्था विश्लेषण गरिएको छ ।

### ७.१ सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चूनौती विश्लेषण (SWOT Analysis)

सुन्दरहरैंचा नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण गरिएको छ।

**सवल पक्ष**

- निर्वाचित जनप्रतिनिधिहरुमध्ये १ जना उपप्रमुख, १२ वटा वडाबाट २ जनाका दरले २४ जना वडा सदस्य र ३ जना कार्यपालिका सदस्य समेतको २८ महिला जनप्रतिनिधि रहेका छन ।
- मधेशी समुदायबाट ५ जना, दलित समुदायबाट १२ जना, आदिवासी जनजाती ३ जना तथा अन्य समुदायबाट ८ जना निर्वाचित महिला जनप्रतिनिधिहरु रहेका छन्।
- सामान्य प्रशासन तथा क्षमता विकास शाखा, सामाजिक विकास शाखा, पुर्वाधार विकास शाखा, आर्थिक विकास शाखा तथा विपद व्यवस्थापन लगायतका शाखाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नका लागि बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि मानवीय जनशक्ति व्यवस्था रहेको छ ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सघाउ पुग्ने कार्यक्रम तथा योजना निर्माण हुने गरेको र योजना तर्जुमा गर्दा सो वर्गको समेत सहभागिता हुने गरेको छ।
- अपाङ्गता परिचयपत्र वितरण कार्यविधि तर्जुमा भै नियमित परिचय पत्र वितरण गरिएको छ।
- सुन्दरहरैंचा नगरपालिकाबाट निर्माण हुने सबै समितिहरुमा महिला तथा अन्य लक्षित वर्ग रहेको समिति निर्माण हुने गरेको छ।
- सुन्दरहरैंचा नगरपालिकामा जम्मा १३६ जना कर्मचारी रहेका छन्। जसमा ५८ जना महिला, ५ जना दलित, १४ जना आदिवासी जनजाती, ८ जना मधेशी- पिछडा वर्गका र २ जना अपाङ्गता भएका कर्मचारीहरु रहेका छन ।
- वडास्तरीय बजेटबाट समेत लक्षित वर्गका लागि क्षमता विकास लगायत सशक्तिकरण कार्यक्रम तर्जुमा गर्ने गरिएको छ।
- महिला तथा अन्य समुदायमा हुने हिंसा तथा विभेदउपर सुनुवाई हुने संयन्त्र रहेको छ ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा दुर्व्यवहार न्युनिकरण गर्न बजेट विनियोजन हुने गरेको छ।
- लैंगिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति साथै मेलमिलाप कर्ताबाट समेत निःशुल्क रुपमा न्याय पाएका छन ।

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

- सबैको जानकारीकालागि बार्षिक नीति, बजेट तथा कार्यक्रम सञ्चार माध्यम र इन्टरनेट मार्फत सार्वजनिकीकरण गर्ने गरिएको छ ।
- सामाजिक संघसंस्थाहरुबाट समेत लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रम सञ्चालन हुने गरेको छ ।
- निर्वाचित जनप्रतिनिधिहरुबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यलाई उच्च प्राथमिकतामा राखी बजेट तर्जुमा र कार्यान्वयन गर्ने गरिएको छ।
- सबै वडा कार्यालय सहित मुख्य प्रशासनिक कार्यालयमा महिला शौचालयको व्यवस्था रहेको साथै मुख्य प्रशासनिक भवनमा स्तनपान कक्षको व्यवस्थापन गरिएको छ।
- लागुपदार्थका दुर्व्यसनीहरुलाई विभिन्न संघसंस्थाहरुसँगको सहकार्यमा पुर्नस्थापना केन्द्रमा केहि समय राखी पुनः परिवारमा पुर्नस्थापना गरिएको छ।
- जेष्ठ नागरिकका लागि दिवासेवा केन्द्रहरु स्थापना गरिएको छ । मानवसेवा आश्रम, अनाथाश्रम तथा वृद्धाश्रममा आश्रित वेसहारा, वृद्ध तथा बालबालिकाहरुका लागि सहयोग भइरहेको छ ।
- वडास्तरीय बालक्लव सञ्जाल निर्माण, नगरस्तरीय बालक्लव सञ्जाल निर्माण गरी बालमैत्री अवधारणा आत्मसात गर्न सुरुवात गरिएको छ भने २०८३ जेष्ठ ९ गते भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने प्रतिबद्धताका साथ काम भईरहेको छ ।

## दुर्वल पक्ष/सुधार गर्नु पर्ने पक्ष

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयन गर्न नसकेको ।
- योजना तर्जुमा प्रक्रियामा अझ पनि महिला लगायत लक्षित वर्गको सहभागिता उल्लेख्य रुपमा बढाउन नसकेको ।
- सबै वडाबाट वडास्तरीय सिलिङ बजेटबाट लक्षितवर्गको क्षमता विकास तथा सशक्तिकरणका लागि पर्याप्त बजेट छुटयाउने व्यवस्था नगरेको ।
- सामाजिक विकास शाखामा पर्याप्त जनशक्ति व्यवस्थापन गर्न नसकिएको ।
- सबै वडामा जेष्ठ नागरिकका लागि दिवासेवा केन्द्रको व्यवस्थापन गर्न नसकिएको ।
- दलित समुदायका परम्परागत पेशाहरुलाई प्रविधिमैत्री बनाउन नसकिएको ।
- समाजमा रहेको दाइजो प्रथा तथा बालविवाहलाई न्यून गर्न नसकिएको ।
- परम्परागत रुपमा आदिवासी जनजातीले प्रयोग गर्ने भेषभुषा, कला, सस्कृति तथा अन्य प्रचलनमा प्रयोग भई रहेका घरायसी सामग्रीहरुलाई साँस्कृतिक संग्रहालय निर्माण गरि संरक्षण गर्न नसकिएको ।
- महिला हिसा विरुद्धको कार्य गर्न कोषको स्थापना गरिए पनि पर्याप्त बजेट विनियोजन हुन नसकेको ।
- लैंगिक हिंसाका समस्याहरुलाई सुक्ष्म रुपमा छलफल गरि समस्यालाई सम्बोधन गर्न जनशक्ती अभाव रहेको छ ।

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

- योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन कार्यमा लैससासको पक्षलाई कम महत्व दिई हेर्ने गरेको ।
- लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षणलाई न्युन बजेट विनियोजन गर्ने गरिएको छ ।
- योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टकोणबाट विश्लेषण गर्ने नगरिएको ।
- कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव तथा महिला हिंसा नियन्त्रणको आचार संहिता बनाई लागु नगरिएको ।
- सुन्दरहरैंचा नगरपालिकाको प्रशासनिक कार्यालयमा स्तनपान कक्ष निर्माण गरिएको तर पालिकास्थित अन्य सरकारी कार्यालयहरुमा स्तनपान कक्ष निर्माण नभएको ।
- लैंगिक तथा यौनिक अल्पसंख्यकहरुका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्न नसकिएको र साथै वहिरा व्यक्तिहरुका लागि दोभाषेको व्यवस्थापन गर्न नसकिएको ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना समाचार अध्ययनलाई समेटेर छुट्टै प्रतिवेदन तयार नगरेको ।
- सबै वडामा मिलिजुली समुह भएता पनि नियमित वैठक गराई पुर्ण रुपमा क्रियाशील गर्न नसकिएको ।
- पर्याप्त बजेट नभएको हुँदा सबै भौतिक संरचनाहरुलाई अपाङ्गतामैत्री बनाउन नसकिएको ।
- वहिरा व्यक्तिहरुलाई सेवा दिन नियमित रुपमा दोभाषेको व्यवस्थापन गर्न नसकिएको ।

**अवसर**

- विभिन्न जातजाती समुदाय बीच सौहार्द वातावरणमा बसोवास गरिरहेको हुँदा लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न सहज भएको ।
- लैससास सम्बन्धि कानूनहरु तर्जुमा गर्न दक्ष जनशक्तिहरु रहेको छ ।
- सुन्दरहरैंचा नगरपालिका र विभिन्न गैसस संघसंस्था बिचको समन्वय र सहकार्यले लैससास सम्बन्धी कार्यहरु भैरहेको छ।
- हिंसामा परेका वा पारिएका महिला तथा बालबालिकाहरुलाई आश्रय दिनका लागि छिमेकी इटहरी उपमहानगरपालिका भित्रका गैससहरुसँग पर्याप्त मात्रामा आश्रयस्थल रहेको छ ।
- वेसाहारा सडक मानव तथा अनाथ, असहाय बालबालिका र वृद्धवृद्धाहरुलाई आश्रय दिनका लागि छिमेकी इटहरी उपमहानगरपालिका भित्रका मानव सेवा आश्रम, अनाथाश्रम तथा वृद्धाश्रमहरु रहेका छन ।
- प्रत्येक वडामा आधारभुत स्वास्थ्य केन्द्र मार्फत नियमित गर्भवती जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनमा रहेको छ ।
- विभिन्न संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री वितरण गर्न सहज भएको छ।
- जनप्रतिनिधिहरु लैससासका लागि पूर्ण रुपमा जानकार रहेका छन।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि लैससास उपशाखा सम्पर्क शाखाको रुपमा रहेको छ।

**चुनौतीहरु**

- बार्षिक रुपमा सरकारी अनुदान घटदै जाँदा लैससासका मुद्धाहरु सम्बोधन गर्न गाह्रो हुँदै जानु।
- गैससहरुमा आउने अनुदान कटौती हुँदा महिला हिंसा विरुद्धका कार्यक्रम सञ्चालन र पुनर्स्थापना केन्द्रलाई निरन्तरता दिन गाह्रो हुनु।
- दाइजोको कारणले बाल विवाह बढदै गएको छ। जनशक्तिको पर्याप्त व्यवस्था नहुँदा बाल विवाह पुर्ण रुपमा नियन्त्रण गर्न नसक्नु।
- तीन तहका सरकारहरु बीच आवश्यक समन्वय र सहकार्यलाई बढाउन नसक्नु।
- योजना तर्जुमा प्रक्रियाका सबै चरणहरु पुरा नगर्नु ।
- पर्याप्त मात्रामा लैससासको क्षेत्रमा बजेट विनियोजन नगर्नु ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा समान बुझाईको विकास गर्न नसक्नु ।

## ८. लक्षित वर्ग पहिचान

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुद्धाहरुलाई सम्बोधन गर्नका लागि सुन्दरहरैचा नगरपालिका क्षेत्रमा देहायका लक्षित वर्गहरु पहिचान गरिएको छ।

८.१ महिला तथा बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित समुदाय, आदिवासी तथा जनजाती, मधेशी, पिछडा वर्ग, थारु तथा मुस्लिम समुदाय ।

८.२ लैंगिक तथा यौनिक अल्पसंख्यक, सडक मानव, घरवार विहिन गरीव सुकुम्वासी तथा अन्य गरीव विपन्न वर्ग।

८.३ अन्य समुदायका गरीव, असहाय तथा विपन्न वर्ग।

## ९. सरोकारवाला निकायको विश्लेषण

सुन्दरहरैंचा नगरपालिका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न देहाय वमोजिमका सरोकारवालाहरु पहिचान गरिएको छ ।

### ९.१ प्रत्यक्ष वा पहिलो चरणको सरोकार राख्ने निकाय

- नगरसभा तथा नगर कार्यपालिका।
- सुन्दरहरैंचा नगरपालिकाको सामाजिक विकास शाखा ।
- सामान्य प्रशासन तथा क्षमता विकास,जनस्वास्थ्य, शैक्षिक प्रशासन,राजस्व प्रशासन, आर्थिक प्रशासन तथा पूर्वाधार, योजना तथा अनुगमन शाखा ।
- वडा कार्यालयहरु।
- न्यायिक समिति तथा विषयगत समितिहरु ।

### ९.२ दोस्रो चरणका सरोकारवाला निकायहरु

- विकास साझेदार संस्थाहरु ।

- सहकारी तथा वित्तिय संस्थाहरु ।
- बालक्लव, आमा समुह, गैससहरु तथा उधोग बाणिज्य संघ ।
- राजनैतिक दल तथा सञ्चार माध्यमहरु ।
- महिला सञ्जाल आदिवासी जनजाती, मधेशी, पिछडा वर्ग, अपाङ्गता, जेष्ठ नागरिकका संघसगठन तथा सञ्जालहरु ।

**९.३ अप्रत्यक्ष सरोकारवाला निकायहरु**

- मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश ।
- सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश।
- प्रदेश मन्त्रालयहरु तथा प्रदेश योजना आयोग ।
- प्रदेश सुशासन केन्द्र।
- सङ्घीय मन्त्रालय तथा महिला आयोग, दलित आयोग, मुस्लिम आयोग, थारु आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग।
- अन्तराष्ट्रिय दातृ निकायहरु।
- राष्ट्रियस्तरका सञ्चार माध्यमहरु।

## परिच्छेद ५

**१०) लैंगिक समानता तथा सामाजिक समावेशीकरणका प्रमुख नीतिहरु**

माथि उल्लेखित उद्येष्यलाई पुरा गर्न तथा सुधार गर्नुपर्ने पक्षलाई थप सवल बनाउन देहायका प्रमुख नीतिहरु अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

क) बार्षिक बजेट तर्जुमा गर्दा पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, शैक्षिक विकास तथा जनस्वास्थ्य क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सघाउ पुर्याउने योजना तथा कार्यक्रम छनौट गरिनेछ ।

ख) योजना तर्जुमाका सबै चरणहरुमा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वा पारिएका लक्षित वर्ग तथा समुदायहरुको अर्थपुर्ण सहभागिता गराइनेछ ।

ग) प्रत्येक वर्ष लैससास परिक्षण गरी प्रतिवेदनले औंल्याएका कमीकमजोरीहरुलाई बार्षिक कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

घ) महिला, बालबालिका तथा लक्षित वर्गका लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता पुरा गर्न र दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण गरी सूचक अनुसार योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) सुन्दरहरैंचा नगरपालिकाले निर्माण गर्ने ऐन, कानुन तथा समिति, उपसमिति सहित कार्यदलहरुमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ।

च) सुन्दरहरैंचा नगरपालिकामा रहेको सामाजिक विकास शाखामा थप जनशक्ति व्यवस्थापन गरिनेछ।

छ) अपाङ्गता भएका व्यक्तिहरुको घरघरमा गएर सहायक सामग्री तथा परिचयपत्र वितरण गरिनेछ।

सुन्दरहरैंचा नगरपालिकाको राजपत्र

ज) पछाडि परेका क्षेत्रका वडाहरुमा जेष्ठ नागरिकहरुका लागि दिवासेवा केन्द्रको व्यवस्था गरिनेछ।

झ) लक्षित वर्गको खण्डीकृत तथ्याङ्कहरु राखिनेछ साथै अद्यावधिक गर्दै लगिनेछ।

ञ) अनुगमन तथा मुल्याङ्कन प्रणालीमा लैससास सम्बन्धी सूचकहरु राखी प्रतिवेदन तयार गरिनेछ।

ट) जातीय भेदभाव निर्मूल गर्न सचेतीकरणका कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

ठ) बालविवाहलाई नियन्त्रण गरी दाइजो प्रथालाई न्यूनिकरण गर्ने योजना तथा कार्यक्रमहरु तर्जुमा गरिनेछ।

ड) आवश्यकता अनुसार सबै वडाहरुमा क्रमशः बालबालिकाहरुका लागि पार्क निर्माण गरिनेछ।

ढ) महिलाहरुको क्षमता विकासका लागि सञ्चालन भईरहेको सीपमूलक तथा आयमूलक तालिम कार्यक्रमहरुलाई थप प्रभावकारी वनाइनेछ।

ण) अपाङ्गतामैत्री भौतिक पूर्वाधारहरु निर्माणलाई प्राथमिकता दिइनेछ।

त) सुन्दरहरैंचा नगरपालिकाको मुख्य प्रशासनिक कार्यालय तथा सबै वडा कार्यालयहरुमा लैंगिक हिंसालाई शुन्य सहनशीलता अपनाउन कर्मचारी तथा जनप्रतिनिधिहरुको प्रतिवद्धता गराई कार्यालय परिसरमा सबैले देख्ने गरि प्रतिवद्धता-पत्र राखिनेछ ।

थ) जनप्रतिनिधि तथा कर्मचारीहरुबाट सेवाग्राही तथा घर परिवारमा हुन सक्ने लैंगिक हिंसा, विभेद तथा जातिय छुवाछुत हुने खालका कुनै पनि गतिविधि गरिने छैन भन्ने प्रतिवद्धता गराइनेछ।

द) सुन्दरहरैंचा नगरपालिका तथा वडा कार्यालयहरुबाट सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरु लैंगिकमैत्री र सामाजिक समावेशीता झल्किने गरी तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

ध) लैंगिकहिंसा विरुद्ध कार्य गर्न स्थापना भएको लैंगिक हिंसा विरुद्धको कोषमा पर्याप्त मात्रामा बजेट विनियोजन गरिनेछ।

न) पालिकास्थित प्रदेशका कार्यालयहरुमा स्तनपान कक्षको निर्माणका लागि समन्वय तथा सहकार्यका लागि अनुरोध गरिनेछ।

प) बार्षिक योजना तर्जुमा गर्दा लैंगिक उत्तरदायी र दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकी करण गर्न बार्षिक नीति, बजेट तथा कार्यक्रममा छुट्टै सांकेतीकरण गरिनेछ ।

फ) दलित समुदायको जिविकोपार्जनका लागि अँगाल्दै आएको परम्परागत व्यवसायलाई प्रविधिमैत्री बनाउन सहयोग गरिनेछ ।

ब) आदिवासी जनजातीहरुको धर्म सस्कृति जगेर्नाका लागि योजना तथा कार्यक्रममा समेटिनेछ ।

भ) लैंगिक हिंसामा परेका वा पारिएका व्यक्तिहरुलाई अल्पकालीन आवास गृहमा राखिनेछ।

म) लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा प्रत्यक्ष सघाउ पुर्याउन विभिन्न शाखा, उपशाखा तथा वडा कार्यालयहरुबाट योजना तथा कार्यकम सञ्चालन गरिनेछ ।

य) विभिन्न संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा बालमैत्री नगर घोषणाका लागि बार्षिक बजेट तर्जुमा गरिनेछ ।

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

र) बालक्लव तथा बालक्लव सञ्जालको क्षमता विकासका लागि बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

ल) लक्षित वर्गको क्षमता विकासका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

व) अनाथाश्रम, वृद्धाश्रम तथा मानवसेवा आश्रममा आश्रितहरुको भरणपोषणका लागि भइरहेको सहयोगलाई निरन्तरता दिइनेछ ।

श) मासिक रुपमा मिलिजुली समुहको वैठक राखी अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका कार्यक्रम सञ्चालनमा बजेट विनियोजन गरिनेछ ।

ष) अटिजम भएका बालबालिकाहरुलाई शैक्षिक क्रियाकलाप लगायत सिकाइका लागि गैससहरुसँगको सहकार्यमा दिवासेवा केन्द्रको व्यवस्थापन गरिनेछ ।

स) लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको क्षमता विकासका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

ह) विभिन्न समुदायको कला, धर्म-संस्कृतिको संरक्षण तथा सम्वर्द्धनका लागि भइरहेको सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

क्ष) सुन्दरहरैंचा नगरपालिका लगायत सरकारी कार्यालयहरुमा महिला तथा दलित समुदायका कर्मचारीहरु न्यून रहेकाले लक्षित वर्गकालागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

## ११. रणनीतिहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न छुट्टै बजेट व्यवस्थापन तथा शाखा खडा गरी कार्यान्वयन गर्न सीमित स्रोत र साधनले नपुग्ने भएकाले उपलब्ध जनशक्ति र स्रोतसाधनको परिचालन गरी उपलब्धि हासिल गर्नका लागि देहायका रणनीतिहरु तय गरिएको छ ।

११.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई थप संस्थागत गर्न विद्यमान ऐन, कानुनहरु परिमार्जन गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

११.२ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका लक्षित वर्गका नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

११.३ पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।

११.४ सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँगको सहकार्यमा लक्षित वर्गहरुको क्षमता विकास तथा सशक्तिकरण गर्ने ।

११.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

## १२. रणनीति तथा कार्यनीतिहरु

**रणनीति १**

लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई थप संस्थागत गर्न विधमान ऐन,कानुनहरु परिमार्जन गरि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।

**कार्यनीतिहरु**

१२.१.१ स्थानीय आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरूप मातहतका क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ।

१२.१.३ हाल कार्यान्वयनमा रहेका कानूनहरूलाई समय सापेक्षरूपमा लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

१२.१.४ लक्षित समुदाय तथा सम्बद्ध सरोकारबालाहरूसँग परामर्श तथा समन्वय गरेर मात्र लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री ऐन कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गरिनेछ।

१२.१.५ नेपालले अन्र्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धता तथा यस सम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न कानून तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गरिनेछ।

१२.१.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्न सामाजिक विकास शाखाको संस्थागत सुदृढीकरण गरिनेछ ।

१२.१.७ सबै शाखा,उपशाखा तथा इकाइका कर्मचारीहरुलाई क्षमता विकास तालिम दिईनेछ ।

१२.१.८ सामाजिक विकास शाखालाई थप जनशक्ति व्यवस्थापन गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२.१.९ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी (Focal Person) को थप क्षमता विकास गरी शाखा, उपशाखा,इकाइ तथा अन्य निकायबाट सञ्चालन हुने कार्यक्रमको सूचना आदानप्रदान गरी बार्षिक प्रतिवेदन तयारी गरिनेछ ।

**रणनीति २**

नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका लक्षित वर्गका नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

**कार्यनीतिहरु**

१२.१.१० लक्षित वर्गलाई आवधिक तथा बार्षिक योजना तर्जुमा प्रक्रियामा प्रत्येक चरणमा सहभागी गरिनेछ ।

१२.१.११ लक्षित वर्गको खण्डीकृत तथ्याङ्क तयार गरी तथ्याङ्कमा आधारित वार्षिक योजना तथा कार्यकम तर्जुमा गरिनेछ ।

१२.१.१२ लक्षित वर्गको खण्डीकृत तथ्याङ्कलाई अध्यावधिक गरी बार्षिक प्रतिवेदन तयार गरिनेछ ।

१२.१.१३ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषयगत क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ ।



सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

१२.१.१४ बार्षिक योजना तर्जुमा प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि तथा मापदण्डको तर्जुमा तथा परिमार्जन गरिनेछ ।
१२.१.१५ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक तथा सामाजिक क्षेत्रमा भएको अन्तरलाई घटाउन वडास्तरमा लक्षित वर्ग उत्थान कार्यक्रम सञ्चालन गरिनेछ।
१२.१.१६ अति विपन्न वर्गका लागि  निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ।
१२.१.१७ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरूपले सशक्तिकरण गर्न सकारात्मक विभेद लगायत क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।
१२.१.१८ आर्थिक तथा सामाजिकरूपले पछाडि परेका वा पारिएका लक्षित वर्गलाई उपलव्ध रोजगारीका अवसर उपयोग गर्न र सक्षम तुल्याउन निजी क्षेत्र तथा गैससहरुसँग समन्वय सहकार्य गरी सीप विकास तालिम प्रदान गरिनेछ।
१२.१.१९ सुन्दरहरैंचालाई कार्यक्षेत्र वनाएर काम गरिरहेका गैह्रसरकारी संस्था, नागरिक समाज निजी क्षेत्र र सञ्चार माध्यमहरुलाई परिचालन गरी लक्षित वर्गको क्षमता विकास गरिनेछ ।
१२.१.२० लक्षित वर्गले नेतृत्व गरेका संघसंस्थाहरुलाई परिचालन गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१२.१.२१ बार्षिक कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्गसँगको समन्वय सहकार्य र नेतृत्वमा सञ्चालन गरिनेछ ।

**रणनीति ३**

पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।

**कार्यनीतिहरु**

१२.१.२२ समावेशीकरणका लागि विभिन्न निकाय वा संघसंस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना हुन नदिन समन्वय गरिनेछ।
१२.१.२३ विभिन्न लक्षित वर्ग र समुदायको पहिचान गरी सुन्दरहरैचा नगरपालिकाबाट गठन हुने विभिन्न समिति, संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँच वृद्धि गरिनेछ ।
१२.१.२४ लक्षित वर्गकालागि विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।
१२.१.२५ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुतलाई न्यूनीकरण गर्नकालागि ऐन, कानुनहरु तर्जुमा गरी कडाइका साथ लागू गरिनेछ ।
१२.१.२६ विभिन्न गैससहरुसँगको समन्वय तथा सहकार्यमा छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध टोल बस्तीस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।



सुन्दरहरैंचा नगरपालिका राजपत्र

१२.१.२७ सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बालश्रम, मानव बेचविखन अन्त्य गर्न अभियानहरु सञ्चालन गरिनेछ ।

**रणनीति ४**

सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँगको सहकार्यमा लक्षित वर्गहरुको क्षमता विकास तथा सशक्तिकरण गर्ने ।

**कार्यनीतिहरु**

१२.१.२८ महिला तथा विपन्न वर्गको सशक्तिकरणका लागि सीप विकास तालिम, सीप परिचालनका लागि बीउ पुँजी उपलब्ध गराइनेछ ।

१२.१.२९ लक्षितवर्गका बालबालिकाहरुलाई शिक्षामा पहुँच बढाउन निजी विद्यालयहरुमा अनिवार्य छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१२.१.३० आर्थिक तथा सामाजिकरूपले पछाडि परेका वा पारिएका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

१२.१.३१ असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

१२.१.३२ गैर सरकारी संघसंस्थाको सहयोग र समन्वयमा हिंसामा परेका वा पारिएका महिलाहरुलाई पुर्नस्थापना केन्द्रमा राखी स्वास्थ्य उपचार लगायत अन्य मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

१२.१.३३ महिला लगायत लक्षित वर्गहरुलाई स्वास्थ्य सेवामा पहुँच बढाउन आधारभुत स्वास्थ्य केन्द्र लगायत स्वास्थ्य संस्थाहरुलाई साधन स्रोत सम्पन्न वनाइनेछ ।

१२.१.३४ निजी स्वास्थ्य संस्थाहरुसँग समन्वय तथा सहकार्य गरि गरीव असहायहरुलाई कानून अनुसार उपलब्ध गराउनु पर्ने औषधी उपचार लगायत अन्य स्वास्थ्य सुविधा निशुल्क उपलब्ध गराइनेछ ।

१२.१.३५ महिला तथा लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गर्न सहकारीसँग समन्वय गरिनेछ ।

१२.१.३६ वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुका लागि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१२.१.३७ स्थानीयस्तरमा परम्परागत पेशालाई प्रविधिमैत्री वनाउदै व्यावसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

१२.१.३८ लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गर्नका लागि निजि क्षेत्रसँग सहकार्य गरि रोजगार मेला आयोजना गरिनेछ ।

१२.१.३९ असहाय, अनाथ वेसाहारा व्यक्तिहरुलाई आश्रय दिइरहेका अनाथाश्रम, सेफ हाउस लगायतका धार्मिक तथा शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरणका लागि उपलब्ध सहयोगलाई निरन्तरता दिइनेछ ।

१२.१.४० विपन्न वर्गको पहिचान गरि उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न साथै अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिनेछ। महिला लगायत लक्षित वर्गमा गरिने कुनै पनि कार्य गर्दा नगरपालिका तथा वडाबाट हुने निर्णयमा अर्थपुर्ण सहभागी गराइनेछ ।

१२.१.४१ आदिवासी तथा जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रबर्द्धनका लागि विभिन्न निकायहरूको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ।

१२.१.४२ स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण गर्न भइरहेको सहयोगलाई निरन्तरता दिइनेछ ।

१२.१.४३ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.१.४४ लैंगिक हिंसामा परेका वा पारिएका महिलाहरुलाई सीपमुलक तालिम दिई आय आर्जन तथा पुर्नस्थापना गर्नका लागि कोषमा बजेट थप गरिनेछ ।

१२.१.४५ हिंसामा परेका वा पारिएका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिईनेछ ।

१२.१.४६ अपाङ्गता भएका व्यक्ति, बालवालिका तथा लैंगिकमैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराइनेछ।

१२.१.४७ कार्यस्थलमा बोलिने भाषा लगायत कार्यस्थललाई थप लैंगिक तथा समावेशीमैत्री वनाइनेछ ।

१२.१.४८ कुपोषित बालबालिकाहरुका लागि पोषणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।

१२.१.४९ सुन्दरहरैंचा नगरपालिका तथा वडा कार्यालय निर्माण हुने सबै संरचनाहरु अपाङ्गतामैत्री, बालमैत्री तथा लैंगिकमैत्री बनाउन कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१२.१.५० लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई थप संस्थागत गर्न विभिन्न सचेतनामूलक सामग्रीहरु तयार गरि प्रचार प्रसार गरिनेछ ।

१२.१.५१ अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचयपत्र वितरणलाई थप सहज वनाउन घरदैलोमै गएर परिचय पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२.१.५२ लक्षित वर्गका लागि निशुल्क लोकसेवा तयारी कक्षाहरु सञ्चालन गरिनेछ।

**रणनीति ५**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीतिहरु**

१२.१.५३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति सुन्दरहरैंचा नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा सबैले देख्ने गरि राखिनेछ

१२.१.५४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन गर्न सरोकारवाला निकायहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गरिनेछ।

१२.१.५५ सुन्दरहरैंचा नगरपालिका र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१२.१.५६ जनप्रतिनिधि तथा कर्मचारीहरुले लैंगिक हिंसामा शुन्य सहनशीलता अपनाउन प्रतिवद्धता गराइनेछ ।

१२.१.५७ लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरुको कार्यान्वयन गर्नका लागि बार्षिक नीति, बजेट तथा कार्यक्रममा गैर सरकारी संघसंस्थाका बजेट तथा कार्यक्रमहरु समेत समावेश गरिनेछ ।

१२.१.५८ बार्षिक,निति बजेट तथा कार्यक्रममा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि सु"चक अनुसार सांकेतीकरण गरिनेछ ।

१२.१.५९ जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि लैंगिक उत्तरदायी बजेट निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१२.१.६० बार्षिक बजेट तथा कार्यक्रमहरुको बार्षिक रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरिनेछ ।

१२.१.६१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि मुख्य नीतिहरु सुन्दरहरैंचा नगरपालिकाको वेवसाइट मार्फत प्रचारप्रसार गरिनेछ ।

## १३. संस्थागत व्यवस्था

लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न देहाय अनुसारको नगरस्तरीय लैंगिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समिति गठन गरिनेछ।

- नगर प्रमुख — संयोजक
- उपप्रमुख — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- सामाजिक विकास समितिका संयोजक — सदस्य
- कार्यपालिकाका सदस्यहरुमध्येबाट प्रमुखले तोकेका २ जना — सदस्य
- संघसंस्थाहरु मध्ये प्रमुखले तोकेका ३ जना प्रतिनिधि — सदस्य
- लैससास उपशाखा प्रमुख — सदस्य सचिव

❖ **लैंगिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।**

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ऐन, कानुन तथा नीतिहरु तर्जुमा गर्ने ।
- ऐन कानुन तथा नीति कार्यान्वयनका लागि वडा कार्यालय तथा विभिन्न निकायबिच सहकार्य, सहजीकरण र समन्वय गर्ने, गराउने।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न कार्य गरिरहेका सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- वडागत बजेट सिलिङबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।
- योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।
- सरकारी तथा गैह्रसरकारी संघसंस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुर्याउने।
- अनुगमन तथा मुल्याङ्कनका सबै चरणहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सूचकहरु समेत राख्ने ।
- अन्तर्राष्ट्रियरुपमा गरेका लैंगिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्धताहरु नगर क्षेत्रमा कार्यान्वयन गर्न, गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुर्याउने ।
- आर्थिक एवम् सामाजिकरूपमा पछाडि परेका वा पारिएका वर्ग, जात जाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए-नभएको अनुगमन गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका नीति कार्यान्वयन गर्न समस्या आएमा सो को समाधान गर्ने, गराउने ।
- लैंगिक उत्तरदायी बजेट तर्जुमाका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासको व्यवस्था मिलाउने साथै लैंगिक बजेट परीक्षण गराउने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई थप प्रभावकारी बनाउन कार्यक्रममा दोहोरोपना हुन नदिन गैससहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

**१४. नीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्था**

समन्वय समितिको निर्देशनमा सम्वन्धित शाखा, उपशाखा एवं निकायबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नीतिको कार्यान्वयनको अवस्थाका बारेमा महाशाखा तथा शाखाहरुको नियमित वैठकमा सो को समेत प्रगति पेश गर्न लगाउने र कमी कमजोरी रहेको भए सुधारका लागि निर्देशन दिइनेछ । नियमित रुपमा योजना तथा कार्यकमको अनुगमन गर्दा लैससासका सूचक अनुसार समेत अनुगमन भए नभएको हेरिनेछ । समन्वय समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ।

सुन्दरहरैंचा नगरपालिकाका शाखा तथा उपशाखा प्रमुखहरुमा पुरुष कर्मचारी सरह महिला कर्मचारीहरुलाई समेत जिम्मेवारी दिइनेछ। सबै शाखा, उपशाखा तथा वडा कार्यालयहरुबाट



सुन्दरहरैँचा नगरपालिकाको राजपत्र

समेत लैंगिक संवेदनशील भई कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न, गराउन नियमित अनुगमन गरि प्रतिवेदन तयार गरी छलफल गरिनेछ ।

## १५. नीतिको मूल्याङ्कन तथा परिमार्जन

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ ।

## १६. नीति कार्यान्वयनको सम्भावित जोखिम न्यूनीकरण योजना

माथि उल्लेखित मुख्य नीति र सो अनुसारको रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको न्युनिकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछ।

| क्र. सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| | भौतिक पूर्वाधारका योजनाहरुको माग वडामा प्राथमिकतामा पर्दा सामाजिक समावेशीकरणको विषय वडाको कम प्राथमिकतामा पर्न सक्ने । | भौतिक पूर्वाधार लगायत लैंगिक समानता तथा सामाजिक समावेशीकरलाई सघाउ पुग्ने योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि वडालाई मार्गनिर्देश गर्ने साथै शाखा तथा उपशाखाबाट सञ्चालन हुने कार्यक्रमहरुबाट लैससासका विषयमा बजेट राखी वडामा कार्यक्रम सञ्चालन गर्ने । | लैससास समन्वय समिति, सामाजिक विकास शाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु । |
| | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने । | लक्षित वर्गको पहिचान गरि नक्साङ्कन गर्ने तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम कार्यान्वयनमा अर्थपुर्ण सहभागिता गराउने । | लैससास समन्वय समिति, शाखा,उपशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु । |
| | नीति कार्यान्वयनमा सरोकारवाला निकायहरूबीच प्रभावकारीरुपमा | लैंगिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समितिको नियमित वैठक गरि शाखा, उपशाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने। | सामाजिक विकास शाखा |

सुन्दरहैँचा नगरपालिकाको राजपत्र

| क्र. सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| | समन्वय तथा सहकार्य नहुन सक्ने। | | |
| | सामाजिक समावेशीकरण सम्बन्धी बुझाईमा विविधता हुन सक्ने। | शाखा, उपशाखा तथा वडा कार्यालयहरुबाट सचेतनामूलक तथा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने। साथै गैससहरुको कार्यक्रममा दोहोरोपना हुन नदिने। | शाखा, उपशाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघ संस्थाहरु। |
| | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि कार्यक्रमहरू बार्षिक योजनामा प्राथमिकतामा नपर्नु तथा मूलप्रवाहीकरण नहुन सक्ने। | नगर सभाबाट पर्याप्त बजेट तथा कार्यक्रम तर्जुमा गर्ने। | नगर कार्यपालिका तथा सामाजिक विकास शाखा एवं सम्बन्धित वडा कार्यालय। |
| | संघीय सरकारले दिने अनुदान घटाउने र आन्तरिक आय समेत लक्ष्य अनुसार असुल हुन नसक्ने। | संघीय सरकार लगायत अन्य निकायसँग सहकार्य गरिनेछ। साथै आन्तरिक आय वृद्धिका लागि राजस्व प्रशासनलाई थप क्रियाशील वनाई आन्तरिक आय वृद्धि गरिनेछ । | नगर कार्यपालिका, आर्थिक प्रशासन शाखा, सामाजिक विकास शाखा, राजस्व शाखा तथा वडा कार्यालय । |
| | दक्ष जनशक्ति समयमा प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति हुन नसक्नु । | प्रदेश लोकसेवा आयोगको क्यालेण्डर अनुसार समयमा माग आकृति गरिनेछ । | सामान्य प्रशासन तथा क्षमता विकास शाखा |
| | नीति कार्यान्वयनमा राजनैतिक इच्छाशक्ति कम हुनु । | राजनैतिक पार्टीसँगको समन्वय र सहकार्यमा राजनीति भन्दा माथि उठेर लैससास नीति कार्यान्वयन गरिनेछ । | निर्वाचित जनप्रतिनिधिहरु तथा राजनैतिक दलहरु |
| | नीति कार्यान्वयनको नियमित अनुगमन हुन | नीतिको कार्यान्वयन कसरी भइरहेको छ भन्ने विषयमा सरोकारवाला निकायहरुसँग नियमित | समन्वय समिति तथा सामाजिक विकास |

| क्र. सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| | नसक्नु । | छलफल, अन्तर्क्रिया गरी आएका समस्या र तिनको निराकरण कसरी गर्ने भनी नियमित मुल्याङ्कन तथा छलफल गरिनेछ । | शाखा । |

**सन्दर्भ सामग्रीहरु**


- नेपालको संविधान
- नेपालमा महिलाको अवस्थाः अक दुईः २०८० राष्ट्रिय महिला आयोग
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- National population and Housing Census, 2021:
- Provincial Report Koshi Province:
- National Statistics Office
- सुन्दरहरैंचा नगरपालिकाको वार्षिक निति बजेट तथा कार्यक्रम आ.व.२०८२/०८३
- सुन्दरहरैंचा नगरपालिकाको पाश्वचित्र २०७४


**संक्षिप्त शब्दावलीहरु**

- लैससास : लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- रा. त. काः राष्ट्रिय तथ्याङ्क कार्यालय
- रा. यो. आः राष्ट्रिय योजना आयोग
- गैसस : गैर सरकारी संस्था

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र